नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सङ्घीय मामिला महाशाखा)

सिंहदरबार, काठमाडौं

प.सं. ०७७/७८
च.नं. ६९

मितिः २०७७/६/२९

श्री स्थानीय तहहरू,
सबै ।

विषयः गम्भीर प्रकृतिका कसूरमा सहमति भएको विषयका सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा श्री महान्यायाधिवक्ताको कार्यालयबाट प्राप्त भएको "आवश्यक कार्यार्थ" व्यहोराको "गम्भीर प्रकृतिका कसूरमा सहमति भएको" विषय सम्बन्धी पत्र यसैसाथ संलग्न राखी पठाइएको छ । सो पत्रमा उल्लेख भएको विषयका सम्बन्धमा आवश्यक प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यहरू गर्न गराउन अनुरोध गरिन्छ ।

(बसन्त भट्टराई)
शाखा अधिकृत

बोधार्थ :

१) श्री महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

२) श्री सूचना तथा प्रविधि शाखा
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं । - प्रस्तुत पत्र वेभसाईटमा अपलोड गरिदिनु हुन ।

# महान्यायाधिवक्ताको कार्यालय

(.............................. शाखा)

पत्र संख्या :- ०७७।०७८

चलानी नं. :- सचिवालय/ ४६

रामशाहपथ, काठमाडौं

मिति :- २०७७।०६।२९

विषय : आवश्यक कार्यार्थ ।

प्रिय सहकारीज्यू,

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा मिति २०७६।६।२७ गते यस कार्यालयबाट गम्भीर प्रकृतिका कसूरमा सहमति भएको समाचारका सम्बन्धमा जारी गरिएको विज्ञप्ति पाना १ (एक) यसै पत्रसाथ संलग्न गरिएको छ।

नेपालमा पछिल्लो समयमा जबरजस्ती करणी सम्बन्धी घटनाहरुको संख्यामा वृद्धि भई रहेको देखिएको छ। यस्ता घटनाहरुले पीडितलाई शारिरीक, मानसिक, सामाजिक, आर्थिक एवं मनोसामाजिक रुपले पीडित बनाएको हुन्छ। यस किसिमका कसूर हुन नदिनका लागि सामाजिक सचेतनाका साथै कसूरदारलाई कानूनको दायरामा ल्याई सजाय दिलाउने र समाजलाई सुरक्षीत गर्नु पर्ने जिम्मेवारी सबैको हुन्छ। त्यसका लागि कसूरको अनुसन्धान, अभियोजन र न्यायीक कारवाहीमा समेत सबै क्षेत्रबाट सहयोग र समन्वय हुनु पर्ने हुन्छ। तर यस्ता कसूरमा स्थानीय तहका जनप्रतिनिधिहरु समेत रोहवरमा बसी पीडक र पीडितका बीचमा मिलापत्र गराउने तथा सहमतिको कागज गराएको भन्ने समाचार प्रकाशन तथा प्रशारण भएको सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयको गंभीर ध्यानाकर्षण भएको र माननीय महान्यायाधिवक्ताज्यूबाट विज्ञप्ति समेत जारी भएको जानकारी गराउन चाहन्छौं । तसर्थ यस किसिमका कसूरको निवारण गर्न प्रचलित कानून एवं यसै साथ संलग्न विज्ञप्ति बमोजिम स्थानीय तहबाट समेत प्रवर्द्धनात्मक तथा निरोधात्मक कार्यहरु गर्नु पर्ने हुँदा यसका लागि आवश्यक सहयोग र समन्वय हुन अनुरोध गरिएको छ।

२०७७।०६।२९

(पद्मप्रसाद पाण्डे)

नायब महान्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

महान्यायाधिवक्ताको कार्यालय
नेपाल

## गम्भीर प्रकृतिका कसूरमा सहमति भएको समाचारका सम्बन्धमा

पछिल्लो समयमा शृंखलाबद्ध रुपमा जबरजस्ती करणीसम्बन्धी घटनाहरु घटेका र यस्ता कसूरमा स्थानीय तहका जनप्रतिनिधिहरू समेत रोहबरमा बसी पीडक र पीडितका बीचमा मिलापत्र गराइएको वा सहमतिको कागज गराइएको भन्ने समाचारहरू प्रकाशन एवं प्रशारण भएको सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । प्रचलित कानूनले जबरजस्ती करणी सम्बन्धी कसूरलाई सरकार वादी हुने मुद्दाको रुपमा परिभाषित गरेको छ । यस्ता कसूरका सम्बन्धमा जानकारी हुने जो कोहीले पनि नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्ने र त्यस्ता कसूरका अभियुक्तलाई पक्राउ गर्न, पीडितको उद्धार, उपचार, सहयोग र संरक्षण गर्नु पर्ने कानूनी दायित्वसमेत हो । सो दायित्व पूरा नगरी मिलापत्र हुन नसक्ने कसूरमा गैरकानूनी रुपमा मिलापत्र र सहमति गराउने कार्य आफैमा कसूरजन्य कार्य हो भन्ने सबैमा स्मरण गराउन चाहन्छु । जबरजस्ती करणी जस्ता मानव मर्यादामा गम्भीर चोट पुग्ने कसूर कुनै पनि कारण वा बाहनामा न्यायिक प्रक्रियाभन्दा बाहिरबाट समाधान गर्न सकिदैन । यस्ता कसूरहरू सभ्य समाजका लागि कलंकका विषय हुन् । कुनै पनि कारणले अपराध अनुसन्धानको दायराभन्दा बाहिर गई यस्ता घटनाहरु समाधान हुन सक्दैनन् । जानेर वा नजानेर गरिने यस्ता कृयाकलाप गैरकानूनी हुने भएकोले कानूनले संरक्षण गर्न र मान्यता दिन सक्दैन । यो सन्दर्भमा कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्तलाई सबैले मनन् गर्नका लागि समेत विशेष आग्रह गर्दछु । यो कानूनी जिम्मेवारीलाई मनन् गर्दै जनताको प्रतिनिधित्व गर्ने व्यक्तिहरुले कानूनी दायित्वलाई पालना गर्दै कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा सक्रीय सहयोग गर्नु हुनेछ भन्ने अपेक्षा राखेका छु । कसूरको अनुसन्धानको प्रक्रियामा यस्ता विषयमा सम्बद्ध पीडित, नागरिक समाज, जनप्रतिनिधिहरु एवम् सरोकारवाला निकायबाट समुचित सहयोग हुनेछ भन्ने विश्वास लिएको छु । यो क्रममा सबै सरकारी वकील कार्यालयहरुलाई सम्बन्धित प्रहरी कार्यालयसँग समन्वय गरी यस्ता प्रकारका कसूरको विरुद्धमा सचेतना कार्यक्रम सञ्चालन गर्नका लागि निर्देशन गरिएको छ । मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लगायतका कानूनले निर्धारण गरेको कसूरको अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा नागरिक, नागरिक समाज र जनप्रतिनिधिहरुले निर्वाह गर्नु पर्ने भूमिकाको बारेमा महान्यायाधिवक्ताको कार्यालयबाट समेत सचेतनामूलक कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने व्यहोरा सबैमा जानकारी गराउँदछु । खासगरी स्थानीय तहले आफ्ना जनप्रतिनिधिहरुलाई अपराध अनुसन्धान एवम् न्यायिक प्रक्रियाको बारेमा अभिमुखीकरण गर्ने व्यवस्था प्राथमिकतापूर्वक गर्नका लागि समेत हार्दिक आह्वान गर्दछु । कानूनी व्यवस्थाको सम्बन्धमा अभिमुखीकरण गर्ने कार्यमा महान्यायाधिवक्ता एवम् सरकारी वकीलहरुबाट सहयोगको अपेक्षा गरिएमा सहर्ष सहजीकरण गरिने व्यहोरा समेत सबैमा हार्दिक अनुरोध गर्दछु ।

अग्निप्रसाद खरेल
महान्यायाधिवक्ता

२०७७ असोज २७ गते ।